मितिः- २०७८।०२।१८

## कार्यपालिका बैठक -२१

आज मिति २०७८।०२।१८ गते मंगलबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको २१ (एक्काइसौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो।

### उपस्थितिः-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो. मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

### आमन्त्रित सदस्यः-

| | | | |
|---|---|---|---|
| १ | श्री हिमलाल पौडेल | अधिकृत छैठौं | |
| २ | श्री हिमकान्त आचार्य | अधिकृत छैठौं | |
| ३ | श्री बोधराज भुसाल | सहायक पाँचौ | |
| ४ | श्री गीर्जापती चौधरी | का. सहयोगी | |

## कार्यपालिका बैठक -२१

मितिः- २०७८।०२।१८

### प्रस्तावहरुः-

१- साइकल खरिद सम्वन्धमा ।

२- कर्कट पाता खरिद सम्वन्धमा ।

३- स्थानीय प्रकोप व्यवस्थापन कोषको रकम विनियोजन सम्वन्धमा ।

४- कार्यविधि स्वीकृत सम्वन्धमा ।

५- आ.व. २०७८।०७९ का लागि योजना छनौट सम्वन्धमा ।

६- पोखरी ठेक्का सम्वन्धमा ।

७- पदपूर्ति सम्वन्धमा ।

८- रकमान्तर सम्वन्धमा ।

९- रकम उपलब्ध गराउने सम्वन्धमा ।

### निर्णयहरुः-

१- मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा ९ र ११ अध्यनरत छात्राहरुलाई साइकल वितरण गरिएकोमा नपुग ३७ (सैंतिस) थान साइकल खरिद गरी प्राप्त नगरेका ३७ छात्राहरुलाई वितरण गर्ने निर्णय पारित गरियो ।

२- यस गाउँपालिकाको सरहद भित्र पर्ने हुलाकी सडकको विस्तारका क्रममा घर टहरा भत्काइएका/भत्काउनुपर्ने अवस्थाका घर परिवार जसको सो बाहेक अन्यत्र घर टहरा नभएको तथा आर्थिक विपन्नता भएका पिडित घर परिवारलाई उपलब्ध गराउन जस्तापाता खरिद प्रयोजनका लागि तपसिल बमोजिमको शिर्षकहरुबाट रु. २० (बिस) लाख रकम छुट्याउने निर्णय पारित गरियो ।

**तपसिलः-**

| क्र.सं. | बजेट शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका आ.व. २०७७।०७८ को बजेट पुस्तिकाको सि.नं. २१/२२ को करार सेवा शुल्क | रु. ५ लाख | |
| २ | गाउँपालिका आ.व. २०७७।०७८ को बजेट पुस्तिकाको सि.नं. १५१ को ह्युम पाइप खरिद | रु. १० लाख | |
| ३ | गाउँपालिका आ.व. २०७७।०७८ को बजेट पुस्तिकाको स्वास्थ्य तर्फको सि.नं. ४ को स्वास्थ्य तर्फ भौतिक सामाग्री व्यवस्थापन | रु. ५ लाख | |
| | जम्मा | रु. २० लाख | |

३- मिति २०७८।०१।२७ को १९ औ गाउँकार्यपालकि बैठकको नर्णियानुसार स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरिएको रु. १६ (सोह्र) लाख रकम मध्येबाट सो कोषको देहायका शीर्षकमा रकम विनियोजन गरि खर्च लेख्ने निर्णय पारित गरियो ।

**देहायः-**

१- कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि आयुर्वेदिक औषधि खरिदः- रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र),

२- स्वास्थ्य सुरक्षाका सामानहरु (पिपिइ सेट, सेनिटाइजर लगायत अन्य सामाग्री) खरिदः- रु. ५ (पाँच) लाख,

३- विविधः- रु. ९,५०,०००।- (नौ लाख पचास हजार मात्र)

४- कार्यपालिका वैठकमा पेश हुन आएका तपसिल बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने निर्णय पारित गरियो ।

१- व्यवसाय कर सम्वन्धि कार्यविधि, २०७८

२- सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धि कार्यविधि, २०७८

३- सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन कार्यविधि, २०७८

४- टोल विकास संस्था (गठन तथा सञ्चालन) कार्यविधि, २०७८

५- आगामि आ.व. २०७८/०७९ को वजेट निर्माणका लागि प्रत्येक वडाबाट रु. ५० (पचास) लाखको बजेट सिलिङ् भित्र रहि सबै क्षेत्रलाई समेट्ने गरी सम्वन्धित टोल, बस्तीस्तरबाट योजना/कार्यक्रम छनौट गरी प्राथमिकता क्रमका आधारमा छनौट योजना/कार्यक्रमको विवरणको हार्ड कपि र नेपाली युनिकोडमा टाइप भएको सफ्ट कपि समेत मिति २०७८।०२।२५ गते भित्रमा गाउँपालिकामा आइपुग्ने गरि माग गर्ने निर्णय पारित गरियो ।

६- यस गाउँपालिका अन्तर्गतका देहाय बमोजिमका गढा /पोखरीहरुको यस अघि गरिएको ठेक्का म्याद सकिएकोले पुनः ठेक्का प्रकृया अगाडि बढाउने निर्णय पारित गरियो ।

**देहायः-**

| क्र.स. | पोखरीको नाम | पोखरी रहेको वडा/टोल | कैफियत |
|---|---|---|---|
| १ | जमकुडवा ताल | विजयनगर-२, महुवादुधार | |
| २ | मुर्दवा ताल | विजयनगर-२ | |
| ३ | बघमरी गाउँ पश्चिम पोखरी | विजयनगर-५, बघमरी | |
| ४ | सोनही ताल | विजयनगर-५, पिपरी | |
| ५ | महादेव पोखरी ताल | विजयनगर-५, महादेव | |
| ६ | बनगाई उत्तर गडहा | विजयनगर-५, वनगाई | |
| ७ | बघमरवा उत्तर पोखरी | विजयनगर-५, बघमरवा | |
| ८ | फरेनी ताल | विजयगनर-६, फरेना | |
| ९ | बघमरी गाउँ पूर्व गडाहा | विजयनगर-५, बघमरी | |
| १० | जुगिनिया पोखरी | विजयनगर-५, जुगुनिया | |
| ११ | मधुनगर गाउँ पूर्व पोखरी | विजयगनर-७, मधुनगर | |
| १२ | जुडपानिया पूर्व पोखरी | विजयनगर-६, जुडपनिया | |
| १३ | कर्जा ताल | विजयगनर-६, बद्धौर | |
| १४ | मैनारी ताल | विजयनगर-३, मैनारी | |

७- मिति २०७७।११।१४ को विज्ञापन नं. १०।०७७-७८ बाट प्रकाशित कृषि विकाश अधिकृतको पदपूर्ति सम्वन्धि परिक्षा कार्यक्रमबाट सफल भइ मिति २०७८।०१।०५ गते नियुक्त हुनुभएका श्री आषिश चौधरीले मिति २०७८।०२।१० गते स्वेच्छिक राजिनामा दिनुभइ राजिनामा स्वीकृत भइ रिक्त सो पदमा उक्त परीक्षा कार्यक्रममा बैकल्पिक सूचिमा पर्न सफल उम्मेदवार मध्येबाट नियमानुसार पदपूर्ति गर्ने निर्णय गरियो ।

८- यस गाउँपालिकाको आ.व. २०७७।०७८ को बजेट बाट तपसिल बमोजिमका शीर्षकमा विनियोजित रकम आगामि गाउँसभाबाट अनुमोदन हुने गरी देहायानुसार रकमान्तर गर्ने निर्णय पारित गरियो ।

| क्र.सं. | हाल कायम कार्यक्रमको नाम / शीर्षक | विनियोजित रकम | रकमान्तर हुने कार्यक्रम | रकमान्तर हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिनावारीका लागि सुरक्षित सामाग्रियुक्त विद्यालय अभिमुखिकरण कार्यक्रम (२२५२९) | रु. २ (दुई) लाख (संघिय सरकार- समानिकरण अनुदान) | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विद्यार्थी सहभागिता कार्यक्रम | रु. २ (दुई) लाख | |
| २ | महिनावारीका लागि सुरक्षित सामाग्रियुक्त विद्यालय अभिमुखिकरण कार्यक्रम (२२५२९) | रु. २ (दुई) लाख (राजश्व बाँडफाँट- नगद) | विद्यालय प्रहरी साझेदारी कार्यक्रम | रु. ७० (सत्तरी) हजार | |
| ३ | Digital नागरिक वडापत्र तयार (२२७११) | रु. १५ (पन्ध्र) लाख (आन्तरिक श्रोत-नगद) | योजना अनुगमन एप (Application) निर्माण | रु. ५ (पाँच) लाख | |
| | | | मध्यकालीन खर्च संरचना निर्माण | रु. ५ (पाँच) लाख | |

९- निम्न संस्था/समिति/योजना/व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मिझुनिया गाउँमा कालिमाइ मन्दिर र इनार मर्मत | विजयनगर -४ | कालिमाइ मन्दिर तथा इनार मर्मत | रु. १,००,०००।- ( एक लाख मात्र) | मागमा आधारित साना पूर्वाधार सहयोग कार्यक्रम | |
| २ | प्रेमनगर उत्तर हुँगैलीको घर जाने बाटोमा कलभर्ट निर्माण | विजयनगर -६ | कलभर्ट निर्माण | रु. २,००,०००।- ( दुइ लाख मात्र) | | |
| ३ | पिपरी मदरसा रंगरोगन | विजयनगर -५ | ~~इनार मर्मत~~ मदरसा रंगरोगन | रु. ५०,०००।- (पचास हजार मात्र) | | |
| ४ | ईलाका प्रहरी कार्यालय, सुन्दरीडाँडा, कपिलवस्तु | शिवराज-९ | कार्यालय परिसरमा प्रतिक्षालय (गोलघर) निर्माण | रु. ३२,७००।- (बत्तिस हजार सात सय मात्र) | | |
| ५ | श्री आधारभुत स्वास्थ्य सेवा केन्द्र, शंकरपुर | विजयनगर -४, शंकरपुर | नव निर्मित भवनमा खानेपानी व्यवस्थापन | रु. १,००,०००।- ( एक लाख मात्र) | | |
| ६ | श्री तुल्सीराम थारु | विजयनगर -१, | कोभिड-१९ संक्रमणबाट मृत्यु भएकी सुमित्रा थारु पासीको ६ महिने शिशुका लागि पोषण खर्च सहयोग | रु. २०,०००।- (विस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| ७ | श्री ईलाका प्रहरी कार्यालय गणेशपुर, कपिलवस्तु | विजयनगर -७, | कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि सचेतनामुलक सन्देश) प्रचार प्रसार (माइकिङ्ग का लागि प्रयोग सवारी साधन भाडा | रु. १,००,०००।- ( एकलाख मात्र) | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | |